**भण्डारण**

काटिएका फलहरू को गुणस्तर नबिग्रिनको लागी रातभरको लागी कोठाको तापक्रम कम भएको ठाउमा तीन-चार दिनसम्म राख्न सकिन्छ र यसको वजारको मूल्य राम्रो हुन्छ। **प्रशोधन (Processing)**

कतिठाउँमा कृषकहरूले फललाई टुक्रा बनाएर राख्ने पनि गर्दछन् ताकि भविष्यमा त्यसको सदुपयोग या तरकारीको लागी पनि राख्ने गर्दछन्। फलको टुक्राहरू घाममा पूर्ण रूपले सुकेको हुनुपर्छ ताकि चिसोको कुनैपनि रोगहरू नलागुन। सुकेका फलका टुक्रहरूलाई डल्ले खोरसानी सँग मिश्रण् गरेर बोतलमा हाली अच्चार पनि बनाउने ग

**Published by**

Department of Horticulture, Sikkim University
6th Mile Tadong, Gangtok District, 737102
lsharma@cus.ac.in

**Under the project**
Conservation, Promotion and Intensification of Local Crop Landraces or Germplasm for Livelihoods of Organic Farmers in Sikkim

**Sponsored by:**

NATIONAL MISSION ON ORGANIC MISSION
Ministry of Environment, Forest & Climate Change, Govt. of India
NMHS Nodal Institute: G.B. Pant National Institute of Himalayan Environment & Sustainable Development (GBPNIHESD)

Cite: Limbu S and Sharma L. 2020. Cultivation practices of Sano Bihi (African Eggplant) (Pamphlet). Department of Horticulture, Sikkim University.

Extension Bulletin-01/NMHS/2020

# सानो बिहींको खेति



Authors
Suren Limbu and Laxuman Sharma

Department of Horticulture, Sikkim University
6th Mile Tadong, Gangtok District, 737102
lsharma@cus.ac.in

**परिचय**

सानो बिहीँ (*Solanum aethiopicum*) Solanaceae परिवारसँग सम्बन्धित, सिक्किमको तल्लो र मध्य पहाडहरूमा पर्ने एउटा महत्त्वपूर्ण तरकारी सब्जी हो । यो सब्जी राज्यको ग्रामीण क्षेत्रमा लगभग हरेक घरमा पाइन्छ । यो सब्जीको फल आर्थिक उत्पादनको लागी राज्यामा प्रख्याँत छ । यसलाई या त एक्लै पकाइन सकिन्छ वा अन्य तरकारीहरूसँग पनि मिसाएर पकाइन सकिन्छ । विभिन्न जैविक, रसायनिक र औषधीय गुण भएको सब्जी मध्ये यो एक हो र स्थानीय बजारमा यसको राम्रो मूल्यमा बिक्री हुन्छ ।

**जमिनको तयारी**

उच्च प्राङ्गारिक पदार्थ भएको माटो यसको खेतीका लागि उपयुक्त हुन्छ । रोपेको ठाउँमा पानी जमिनु भएन । यसको बिरुवालाई भिरालो ठाउँहरूमा पनि रोप्न सकिन्छ तर बिरुवाहरू पूर्ण रूपमा सूर्यको सम्पर्कमा हुनुपर्छ । एकखेप जोतेको बारीमा पनि यस सब्जीको विरूवालाई लगाउन सकिन्छ तर जमिनमा पूर्ण रूपले निकासको व्यवस्था गरिनु पर्छ ।

**प्रसारण् (Propagation)**

सानो बिहीँ बीउ द्वारा यसको प्रसारण् गरिन्छ । ठूलो आकारको फल जसमा कुनै रोग र किराहरू नागेको फललाई बीउको लागी राखिन्छ । जसरी बैगुनको बीउ राखिन्छ त्यसरीनै सानो बिहीँको पनि बीउ राख्ने गरिन्छ । उचित बीउ राख्ने समय मार्च देखि अप्रिल हो र त्यसको एक महिना बादमा बारीमा सारिन्छ । ६०x६० cm को दुरीमा बारीमा विरूवा लगाइन्छ वा रोपिन्छ । सामान्त्य सम्म भएको जमीनमा यसको विरुवालाई रोपिन्छ तर ड्याङग उठाएर रोपेको विरूवालाई सर्न अलिक सजिलो पर्छ ।

**मलखाद व्यवस्थापन**

सिक्किमको परिस्थितिमा हेर्दा अहिले सम्म कृषकहरूले सानो विहीँको लागी कुनै पनि मलखादको सिफारीष गरिएको छैन यसैले बैगुन रोप्ने तरिका नै अपनाएको छ । जस्तै गाईको मल (FYM) @ 25 क्विन्टल प्रति हेक्टेयर प्रयोग गरिन्छ साथै गाईको मलको कुल खुराक जमीन तयार गर्दा प्रयोग गरिन्छ र गाईको मलको साटो कुखुराको मल पनि प्रयोग गर्न सकिन्छ । गँड्यौलाको मल विरूवा रोपेको एक महिना बादमा १००-१५० ग्राम एउटा बिरुवामा प्रयोग गरिन्छ । अनुसन्धानको अनुसार गाईको मल @ 10 t/ha + VC @ 2 t/ha + AMC (Arka Microbial Consortiun) सबैभन्दा राम्रो उपजको लागी प्रयोग गरिन्छ ।

**सिँचाइ**

पानीको कम प्रयोगमा पनि सानो बिहीँको खेती गर्न सकिन्छ । विरूवा रोप्ने बितिकै एक खेप पानी हाल्नू आवश्यक छ त्यसपश्चात हप्तामा दुई खेप पानी लगाउनू पर्छ । विरूवा बड्दै गएपछि हप्तामा एकखेप पानी हाल्दा हुन्छ । फूल फुल्दा र फल लाग्दा खेरी पानीको महत्त्वपूर्ण भूमिका रहने गर्दछ ।

**कीरा र रोगहरू**

बिरुवामा प्रमुख कीराहरू लाग्ने भनेको Shoot and Fruit Borer अनि Leaf Weber हो । किरा लागेको विरूवालाई या पातहरूलाई टिपेर फ्याक्योँ भने रोगहरूबाट बचाउन सकिन्छ । ग्रीन हाउसमा रोपेको बालीलाई विशेष गरी लाही (aphids), thrips अनि सेतो पुतली लाग्ने गर्दछ ।

**फसल टिप्ने**

विरूवा रोपेको ४०-४५ दिन देखि उता पहिलोपल्ट फल टिप्न योग्य हुन्छ । ठूला र समान आकारका फलहरू बजारीकरणका लागि उपयुक्त हुन्छन् । रोग लागेका, बिग्रेका र कुइएका फलहरूलाई छुट्याएर फालिन्छ ।

**उपज** (Yields)

जब बिरुवाहरू उचित रूपमा खेती गरिन्छ र इष्टतम स्तरको मल र स्पेसिङमा, बिरुवाहरूले 15-20 टन / हेक्टरको औसत उत्पादन दिन सक्छन् ।